आज मिति २०८२ साल भाद्र ०८ गते आईतबारका दिन यस देवानगञ्ज गाउँपालिकाका अध्यक्ष श्री बेचन प्रसाद मेहताज्यूको अध्यक्षतामा बसेको आ.व. २०८२/०८३ को पाँचौं कार्यपालिका बैठक देहाय बमोजिमको उपस्थितिमा तपसिल बमोजिम निर्णय गरियो ।

**उपस्थिति** :

श्री बेचन प्रसाद मेहता - अध्यक्ष -

श्री कुमारी विभा यादव - उपाध्यक्ष -

श्री सुर्य नारायण पाल - वडा अध्यक्ष, वडा नं.१ -

श्री जग नारायण मेहता - वडा अध्यक्ष, वडा नं.२ -

श्री अनिल कुमार भगत - वडा अध्यक्ष, वडा नं.३ -

श्री सुशिल कुमार मेहता - वडा अध्यक्ष, वडा नं.४ -

श्री मनोज कुमार मण्डल - वडा अध्यक्ष, वडा नं.५ -

श्री हरि नन्दन मेहता - वडा अध्यक्ष, वडा नं.६ -

श्री सुर्य नारायण यादव - वडा अध्यक्ष, वडा नं.७ -

श्री रुणा देवी दास - कार्यपालिका सदस्य-

श्री उषा देवी यादव - कार्यपालिका सदस्य-

श्री सुनिता देवी यादव - कार्यपालिका सदस्य-

श्री सम्तुलिया देवी बाँतर - कार्यपालिका सदस्य-

श्री मनोज कुमार भगत - कार्यपालिका सदस्य-

श्री किशोर कुमार पाल - कार्यपालिका सदस्य-

श्री सुधिर साफी - सचिव -

**आमन्त्रित** :

श्री डण्डिकेशर खनाल - शिक्षा अधिकृत

श्री बिन्देश्वर यादव - लेखा अधिकृत -

श्री वाल कुमार श्रेष्ठ - कम्प्युटर अधिकृत -

**प्रस्तावहरु :**

१. समिक्षा सम्बन्धमा ।
२. आ.व.२०८१/०८२ मा सम्पन्न भएको योजनाहरुको भुक्तानी सम्बन्धमा ।
३. गाउँ शिक्षा समिति सम्बन्धमा ।
४. शिक्षक, कर्मचारी तथा बाल विकास शिक्षक (सहजकर्ता) को थप तलब भत्ता सम्बन्धमा ।
५. गाउँपालिका अनुदान शिक्षक तथा कर्मचीहरुको तलब भत्ता सम्बन्धमा ।
६. ज्यालादारी कर्मचारी सम्बन्धमा ।
७. DPR (डि.पी.आर.) गर्ने सम्बन्धमा ।
८. बाटो मर्मत गर्ने सम्बन्धमा ।
९. कर्मचारी तलब-भत्ता सम्बन्धमा ।

**निर्णयहरु :**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०८२/०५/०२ गते भएको चौथो कार्यपालिका बैठकको निर्णयहरु सम्बन्धमा समिक्षा गर्दा संतोषजनक रुपमा कार्यान्वयन भएको व्यहोरा सर्वसम्मत निर्णय गरियो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा आ.व.२०८१/०८२ मा देवानगञ्ज गाउँपालिकामा सम्पन्न भएका योजनाहरुको बाँकी रहेको भुक्तानी आ.व.२०८२/०८३ मा दिने सर्वसम्मत निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा देवानगञ्ज गाउँपालिकाको शिक्षा ऐन २०७७ (दोस्रो संशोधन समेत) को परिच्छेद २ को दफा ६ अनुसार गठित गाउँशिक्षा समितिको कार्यकाल समास भएकोले पुनः अर्को कार्यकालको लागि उक्त गाउँशिक्षा समिति गठन गर्ने प्रयोजनका लागि गाउँकार्यपालिकाले मनोनित गर्ने र गाउँपालिकाले तोक्ने सदस्यहरु विगतको गाउँ शिक्षा समितिमा रहने सदस्यहरुलाई नै मनोनित गर्ने र तोक्ने सर्वसम्मत निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस देवानगञ्ज गाउँपालिका अन्तर्गतका सामुदायिक, विद्यालय कार्यरत बाल विकास शिक्षक (सहजकर्ता) र विद्यालय कर्मचारीहरुको संघिय सरकारबाट उपलब्ध गराएको तलब भत्ता ज्यादै न्यून रहेको विषयलाई मध्यनजर गर्दै आर्थिक वर्ष २०८२।०८३

मा आर्थिक वर्ष २०८२।०८३ को गाउँसभाले शिक्षा शाखा तर्फ स्विकृत बजेटबाट तपसिल बमोजिम थप गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल :

| क्र. सं. | पद | पालिकाबाट माशिक रुपमा थप हुने तलब भत्ता (१३ महिनकाको लागि) | कैफियत |
|---|---|---|---|
| १ | बाल विकास शिक्षक (सहजकर्ता) | रु ५०००।(अक्षरेपी पाँच हजार मात्र) | |
| २ | विद्यालय सहायक कर्मचारी | रु ११,५००।(अक्षरेपी एघार हजार पाँच सय मात्र) | |
| ३ | विद्यालय सहयोगी कर्मचारी | रु ७,०००।(अक्षरेपी सात हजार मात्र) | |

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस देवानगञ्ज गाउँपालिका अन्तर्गतका विद्यालयहरुमा कार्यरत गाउँपालिका अनुदान शिक्षक तथा कर्मचारीहरुलाई आर्थिक वर्ष २०८२।०८३ मा आर्थिक वर्ष २०८२।०८३ को गाउँसभाले शिक्षा शाखा तर्फ स्विकृत बजेटबाट तपसिल बमोजिम माशिक तलब भत्ता उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।साथै श्री कृष्ण माध्यमिक विद्यालय, देवानगञ्ज -३ मा कार्यरत सहयोगी कर्मचारी निरञ्जन कुमार मेहतालाई मासिक रु.१७,०००/- (अक्षरेपी सत्र हजार मात्र) र श्री जनता माध्यमिक विद्यालय, देवानगञ्ज-१ मा लामो समय देखि विद्यालयबाट नियुक्ति लिई हाल सम्म कार्यरत शिक्षक श्री कृष्णकान्त झालाई विद्यालयको आन्तरिक श्रोतको अभाव भई पालिकाबाट सोको पारिश्रमिक वापतको रकम माग भई आएकोले पालिकाले स्वयंसेवक शिक्षकलाई तोकिए बमोजिम तलब-भत्ता उपलब्ध गराउने सर्वसम्मत निर्यण गरियो ।

तपसिल :

| क्र. स. | पद/ तह | पालिकाबाट माशिक रुपमा उपलब्ध हुने तलब भत्ता (१३ महिनकाको लागि) र पोशाक खर्च समेत | कैफियत |
|---|---|---|---|
| १ | माध्यमिक, आधारभूत शिक्षक | रु २५,०००।(अक्षरेपी पच्चिस हजार मात्र) | |
| २ | सहयोगी कर्मचारी तथा स्वयंसेवक शिक्षक | रु १५,०००।(अक्षरेपी पन्द्र हजार मात्र) | |
| ३ | बाल विकास सहजकर्ता (शिक्षक) | रु १५,०००।(अक्षरेपी पन्द्र हजार मात्र) | |

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा देवानगञ्ज, हरिनगर र बर्जु गाउँपालिकाको संयुक्त साझेदारीमा सञ्चालनमा रहेको वारुणयन्त्रको लागि वारुणयन्त्र चालक - १ (एक) जना र फायरम्यान - १ (एक) जना आवश्यक भएको हुँदा उक्त पदमा दैनिक ज्यालादारीमा नियुक्ती गरी कामकाजमा लगाउने सर्वसम्मत निर्णय गरियो ।

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा आ.व.२०८२/०८३ को स्वीकृत तपसिल बमोजिमको योजनाहरुको DPR (डि.पी.आर.) गर्नु पर्ने भएको हुनाले उक्त कार्य गर्ने भनी सर्वसम्मत निर्णय गरियो ।

**तपसिल**

| क.स. | योजनाको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | सुनसरी जिल्ला देवानगञ्ज गा.पा. २ मा वहुधार्मिक वहुसस्कृतिक भवन निर्माण कार्य । | देवानगञ्ज गा.पा. २ | |
| २. | देवानगञ्ज गा.पा. वडा नं. ७ देखि पूर्व हकपारा जाने बाटोमा कालो पत्रे कार्य । | देवानगञ्ज गा.पा. ७ | |
| ३. | शारदा आ.वि. देवानगञ्ज १ मा ८ कोठे भवन र बाउण्ड्री निर्माण कार्य | देवानगञ्ज गा.पा. १ | |

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस देवानगञ्ज गाउँपालिका अर्न्तगत विभिन्न बाटोहरु मर्मत गर्नु पर्ने भएको हुँदा उक्त बाटोहरु मर्मत गरी प्राविधिक मुल्याकंन गरी सो रकम आ.व. २०८२/०८३ को स्वीकृत बजेट देवानगञ्ज गाउँपालिकाको पुजिगतको समपुरक खर्च शिर्षकबाट भुक्तानी गर्ने भनी सर्वसम्मत निर्णय गरियो ।

९. प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस देवानगञ्ज गाउँपालिकामा कार्यरत कर्मचारीहरुको तपसिल बमोजिमको तलब-भत्ता दिने सर्वसम्मत निर्णय गरियो ।

| क.सं. | कर्मचारीको नाम, थर | पद | तलब रु. | कैफियत |
|---|---|---|---|---|
| १ | भिम नारायण मेहता | रोजगार प्राविधिक सहायक | २५,०००/- | चाड पर्व र पोशाक भत्ता समेत थप गर्ने । |
| २ | केशव कुमार मण्डल | रोजगार सहायक | २५,०००/- | |
| ३ | विना कुमारी मेहता | अ.न.मी. | २५,०००/- | |
| ४ | गणेश कुमार साह | अ.हे.व. | २५,०००/- | |
| ५ | किरण कुमारी मेहता | अ.न.मी. | २५,०००/- | |
| ६ | अनिता देवी मेहता | अ.न.मी. | २५,०००/- | |
| ७ | पुनम कुमारी मेहता | सि.वि.आर सहजकर्ता | २५,०००/- | |
| ८ | श्वेता कुमारी साह | सि.वि.आर सहजकर्ता | २५,०००/- | |
| ९ | शान्ती कुमारी मेहता | सि.वि.आर सहजकर्ता | २५,०००/- | |

